प्रस्तावहरु

१. प्याराग्लाइडिङ्ग महोत्सव सम्बन्धमा।

२. आर्थिक वर्ष २०८०।०८१ को प्रगति समिक्षा र सार्वजनिक सुनुवाई सम्बन्धमा।

३. नदिजन्य पदार्थको राजश्व संकलन सम्बन्धमा।

४. योजना कार्यान्वयन क्षेत्र परिवर्तन सम्बन्धमा।

निर्णयहरु

निर्णय नं. १: प्रस्ताव नं. १ मा छलफल गर्दा गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत नीति तथा कर्यक्रम अन्तर्गत पर्यटन पर्वद्धन गर्ने उद्देश्यले गुठिचौर गाउँपालिकाको गोठिचौरमा साहसिक पर्यटन पर्वद्धनको लागि प्याराग्लाइडिङ्ग महोत्सव सञ्चालन गर्नको लागि गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत जनतासँग अध्यक्ष कार्यक्रममा विनियोजित बजेटबाट रु. १०००००० (दश लाख) विनियोजन गरि कार्यान्वयन गर्ने र सोको लागि तपशिल बमोजिमको ७ सदस्यीय कार्यदल गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| वडा नं. २ का वडा अध्यक्ष | सदस्य |
| वडा नं. ३ का वडा अध्यक्ष | सदस्य |
| देउराम नेपाली (कार्यपालिका सदस्य) | सदस्य |
| नन्दरुपा न्यौपाने (कार्यपालिका सदस्य) | सदस्य |
| विष्णु प्रसाद देवकोटा (अधिकृत छैटौं) | सदस्य |
| ध्रुवराज गिरी (नि. प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

**निर्णय नं.२:** प्रस्ताव नं. २ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक समिक्षा मिति २०८१ श्रावण २२ गते गर्ने र सार्वजनिक सुनुवाई श्रावण ३१ गते गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.३:** प्रस्ताव ३ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाको क्षेत्रमा पर्ने नदिजन्य पदार्थहरुको संकलन तथा निर्यात गर्दा राजश्व तिर्नुपर्ने भएकोले उक्त राजश्व संकलन गर्नको लागि यस गुठिचौर गाउँपालिकामा कार्यरत कार्यालय सहयोगी क्षेत्र बहादुर भण्डारी र गर्ज्याङ्कोट प्रहरी चौकीका कार्यरत सुरक्षाकर्मीहरुको संयुक्त टोलिबाट संकलन गर्ने र सो वापत संकलन भएको राजश्वको २५ प्रतिशत रकम सम्बन्धित संकलन गर्ने व्यक्तिहरुलाई इन्सेन्टिभ वापत उपलब्ध गराउने र बाँकी ७५ प्रतिशत रकम गाउँपालिकाको राजश्व खातामा जम्मा गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ मा छलफल गर्दा संघीय सरकार अन्तर्गत शहरी विकास मन्त्रालयको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत **बेहुली पाटनदेखि खाघाराहुँदै भालु लिख सम्म सडक निर्माण गुठिचौर १** कार्यान्वनको लागि अख्तियारी स्थानीय पूर्वाधार विकास कार्यालय सुर्खेतमा आएको र उक्त योजना कार्यान्वयनको लागि उपभोक्ता समिति सम्झौताको लागि सम्बन्धित कार्यालयसम्म जान बढी खर्चिलो र झन्झटिलो हुने भएकोले उक्त योजनाको कार्यान्वयन गर्ने निकायको रुपमा गुठिचौर गाउँपालिका जुम्ला कायम गरि दिनको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

## बैठक संख्या:१

मिति: २०८१।०४।०४

समय : विहान ८:०० बजे

स्थान : गुठिचौर गाउँपालिका जुम्ला

माथि उल्लेखित मिति, समय र स्थानमा गुठिचौर गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर बुढा ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा गुठिचौर गाउँपालिकाको कार्यपालिका बैठक बसी निम्न बमोजिम निर्णयहरु गरियो ।

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर बुढा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री शान्ति कुमारी मल्ल भण्डारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अर्जुन कुमार महतारा | वडा नं. १ वडा अध्यक्ष | |
| ४ | श्री दिप बहादुर ऐडी | वडा नं. २ वडा अध्यक्ष | |
| ५ | श्री इन्द्र बुढा | वडा नं. ३ वडा अध्यक्ष | |
| ६ | श्री टिकादत्त न्यौपाने | वडा नं. ४ वडा अध्यक्ष | |
| ७ | श्री कमल बहादुर महत | वडा नं. ५ वडा अध्यक्ष | |
| ८ | श्री देउराम नेपाली | कार्यपालिका सदस्य | |
| ९ | श्री बसन्ती बुढा | कार्यपालिका सदस्य | |
| १० | श्री गोइलु कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री बास्मती कामी | कार्यपालिका सदस्य | |
| १२ | श्री नन्दरुपा न्यौपाने | कार्यपालिका सदस्य | |
| १३ | श्री धुवराज गिरी | सदस्य सचिव | |
| आमन्त्रित तथा सहयोगि कर्मचारीहरु | | | |
| १ | गंगा प्रसाद पाण्डे | अधिकृत छैटौं | |
| २ | प्रेम बहादुर शाही | कम्प्युटर अपरेटर | |
| ३ | जयराज कुमाई | आर्थिक शाखा प्रमुख | |
| ४ | विष्णु प्रसाद देवकोटा | अधिकृत छैटौं | |
| ५ | दिपेन्द्र भण्डारी | इन्जिनियर | |
| ६ | करम गिरी | खा·पा·स·टे | |
| ७ | क्षेत्र बहादुर कार्की | का·स· | |